**बैँठक संख्या: ३ (तिन)**

**मिति २०८३ भदौ ३ गते बुधबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल श्रावण १७ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो।

**निर्णय नं.२ विपद् प्रतिकार्य योजना निर्माण सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकामा सम्भावित विपद्बाट हुने क्षति कम गर्न, उद्धार तथा राहत कार्य छिटो सञ्चालन गर्न र आपतकालीन अवस्थामा विभिन्न निकायबीच समन्वय मिलाउनका लागि विपद् प्रतिकार्य योजना निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं.३ भूमि समस्या समाधन सम्बन्धमा।**

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको जग्गा वितरण प्रयोजनार्थ संकलित फारमहरू जिल्ला भूमि समस्या समाधान समितिबाट कागजात अपुग भई फिर्ता आएकाले, हालसम्म संकलित सबै नामावली अनुसारको विवरण रुजु गरी आवश्यक पर्ने सम्पूर्ण कागजातहरू यथाशक्य छिटो पूरा गरेर पालिकामा बुझाउन र पुनः जिल्ला भूमि समस्या समाधान आयोगमा पेश गर्ने व्यवस्था मिलाउन सबै वडा कार्यालयहरूलाई जानकारी गराउने निर्णय गरियो।

**निर्णय नं.४ सडक गुरुयोजना सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिकाको आ.व २०८३/०८४ को वार्षिक स्विकृत कार्यक्रम अनुसार सडक गुरुयोजना निर्माणको कार्य सुरु गर्ने निर्णय गरियो।

**निर्णय नं.५ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाकाको आ.व २०८२/८३ मा विषयगत समितिबाट पृष्टपोषण सहित प्राप्त प्रारम्भिक नतिजामा आवश्यक संसोधन सहित पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं.६ नमूना कृषि नर्सरी तथा प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम सम्वन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका वडा नं. ३ मा पर्ने गाउँपालिकाको स्वमित्वमा रहेको करिब ६ रोपनी जग्गामा नमूना कृषि नर्सरी तथा प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.७ वैदेशिक मनोनयन सम्वन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा मिति २०८३/०५/०९ गते देखि २२ गते सम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने Seminar on Local Governance Capacity Building for Nepal कार्यक्रममा नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मनोनयन पत्रानुसार सहभागि हुन सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ मर्मत सम्भार गर्ने सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा वर्षाका कारण क्षति पुगेका निम्न पूर्वाधारहरु मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निम्नः

| सि.नं. | पूर्वाधारको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | माइखोला पुल | ५ | |
| २ | आलुवारी अप्ठ्यार मुसे मुलडाँडा सडक | १ | |
| ३ | इङ्गला खोला | ५ | |
| ४ | घट्टा दोभान | ५ | |
| ५ | सिस्ने फेदी | ५ | |
| ६ | पाटिगाउँ | ५ | |
| ७ | मितेरी चोक लुङ्गचोक | ५ | |
| ८ | रमिते दवास डाँडा | २,३ | |
| ९ | तिनकुने देखि मच्छिन्द्र चोक | ३,४ | |
| १० | आहाले छागे | १ | |